# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८२/०८३

प्रेस विज्ञप्ति नं. : ४२५

मिति: २०८३।०३।१८ गते।

ने.सं. ११४६

## प्रेस विज्ञप्ति

**Snooker House संन्चालनको आबरणमा लागु औषध खैरो हेरोईन ११२.५३ ग्राम सहित कारोबारमा संलग्न ३ जना मानिस पक्राउ।**

- लागु औषध नियन्त्रण ब्यूरो शाखा कार्यालय पोखराबाट खटिएको प्रहरी टोलीले मिति २०८३।०३। १७ र १८ गते जिल्ला कास्की, पोखरा महानगरपालिकाको बिभिन्न स्थानहरुबाट निम्न नामथर ठेगाना भएका ३ जना लागुऔषध कारोबारीहरुलाई **लागु औषध खैरो हेरोईन ११२.५३ ग्राम** सहित पक्राउ गरि आबश्यक थप अनुसन्धानको लागी जिल्ला प्रहरी कार्यालय कास्की,पोखरामा बुझाईएको।
- पोखरा म.न.पा वडा नं. १५ मा रहेको Sonam Snooker House संन्चालक गोबिन्द थापा र रुम बहादुर थापा दाजुभाई भन्ने बुझिएको र निजहरुले आफ्नो Snooker House काम गर्ने सुरज सुनारलाई लागु औषध खैरो हेरोईन खरिदको लागी भारततर्फ (काँकडभित्ता पारी पानि ट्याङ्की) पठाई खरिद गर्ने गरेको अनुसन्धानबाट खुल्न आउनुको साथै गोबिन्द थापा बिगतमा पनि लागु औषध कारोबार मुद्दामा कारबाही भई ३० महिना कैद र १ लाख ५० हजार जरिबाना भुक्तान गरेको रेकर्डबाट देखिन आएको।

**निम्न:-**

१. जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. १० ठेगाना भएका बर्ष ३८ को रुम बहादुर थापा।
२. जिल्ला कास्की पोखरा म.न.पा. वडा नं. १० ठेगाना भएका बर्ष ३७ को गोबिन्द थापा।
३. जिल्ला बाँके, कोहलपुर न.पा. १४ ठेगाना भएका बर्ष ३२ को सुरज सुनार।

**# बरामद अन्य सामानहरु:**

१) मोबाईल ( I-Phone 13 ProMax) १ सहित जम्मा थान- ५
२) डिजिटल तराजु: थान- २
३) नगद: ६ लाख ७ हजार मात्र




**प्रवक्ता/ सूचना अधिकारी**
**(दुर्गा राज रेग्मी)**
**प्रहरी उपरीक्षक**